# ७ ख्रीष्टमा विजय हुन आत्मिक हतियारले सुसज्जित हुनु

*<u>यस अध्यायको निम्ति पढ्नुहोस्:</u>* एफिसी ६:१४-१८, २ कोरन्थी ६:७, एफिसी ५:९, रोमी १०:१५, १ थेसलोनिकी ५:८, मर्कूस १४:३८।

*<u>स्मरण गर्नु पर्ने पद:</u>* **"त्यसकारण परमेश्वरका सबै हतियारहरूले आफूहरूलाई सुसज्जित पार। दुष्टकष्ट वा पिडाका दिनहरू आउँदैछन्। तर यदि तिमीहरू परमेश्वरका हतियारहरू भिडेर बस्यौ भने जुनसुकै प्रतिकुलको सामना गर्न पनि तिमीहरू सक्षम हुनेछौ। बहादुरीकासाथ आफ्नो बाहुबलले जब तिमीहरू दुष्टको सामना गर्दछौ, तब तिमीहरू अझै कसैले हल्लाउन नसक्ने गरेर उभिएर बस्न सक्नेछौ।" (एफिसी ६:१३ रूपान्तरित)।**

**<u>मूल सोचः</u> येशू र सैतानको बीचमा भइरहेको महान् मतभेदको महायुद्ध (कुरूक्षेत्र?)मा सैतानसँग भिड्न प्रत्येक येशूभक्तहरू तमतयार हुनु अत्यन्त आवश्यक छ।**

खीष्टका प्रत्येक परम भक्तहरूको उहाँलाई दिने बफादारितालाई आफूतिर फर्काउनु नै सैतानको सबभन्दा ठूलो लक्ष्य हो। **आत्मपरिवर्तन भएर येशूतिर मन फर्काउनु पहिला सैतानले मानिसहरूमाथि आधिपत्य जनाइरहेको हुन्छ। जब ख्रीष्टमा आत्मपरिवर्तन हुन्छ तब विश्वासीहरू सैतानको नियन्त्रणबाट फुट्किन्छन्। तर विश्वासीहरूमाथि नियत्रण गर्न खोज्ने सैतानको सक्तिलाई पूर्णरूपमा नाश भएको हुँदैन। बरू तिनीहरूको मन आफूतिर फेरि फर्कियोस् भनेर विश्वासीहरूको परमेश्वरमाथिको आस्थालाई तहसनहस पार्न सैतान अझ वढि कठिन प्रयास गर्दछ। सैतानका धेरै चालबाजीहरू छन्। तिनीहरूलाई "सैतानका छलकपट वा जालो" भनेर बाइबलले सम्वोधन गर्नछ (एफिसी ६:११ रूपान्तरित)। तर सैतानले जुनसुकै जालीद्वारा विश्वासीहरूलाई भड्काएर आफूतिर तान्न खोजेतापनि ख्रीष्टमा निष्ठावान र बफादारी भएर बस्नेलाई उसले उहाँबाट खोस्न सक्दैन। (हो, सैतानले हाम्रो जीवनलाई अत्यन्त कष्टकर र पिडादायी बनाउन सक्दछन्। इसाई बीरहरूका रगतले इसाई**

इतिहास रङ्गिएतापनि ख्रीष्टमा अनुराग हुनेहरू विश्वासमा अटल नै भएर बसेका हुन्छन्)।

येशू र सैतानको बीचमा भइरहेको महान् मतभेदको महायुद्धको सामना गर्न इसाईहरूले भिर्नु पर्ने आत्मिक हतायारहरुको बारेमा यस अध्यायको मूल विषय वस्तु हो। परमेश्वरले उपलव्ध गराउनुभएको सम्पूर्ण आत्मिक हतियारले सुसज्जित हुनु नै हाम्रो सुरक्षा कवच हो। त्यसकारण त्यस हतियारको प्रत्येक भाग हामीले बुझ्नु अत्यन्त आवश्यक छ। यदि परमेश्वरले उपलव्ध गराउनुभएको आत्मिक हतियार हामीले भिरेनौं भने हामी सजिलैसँग सैतानको पासोमा पर्नेछौं। तर यदि हामीले त्यस हतियार भिऱ्यौं भने विजय हाम्रो पक्ष्यमा सुनिश्चित हुन्छ।

## १. परमेश्वरले उपलव्ध गराउनुभएको आत्मिक हतियार भिर्नुको आवश्यकता (एफिसी ६:१४-१७)

इसाई जीवन संघर्ष नै सघर्षमय जीवन हो भनेर एफिसी ६:१२मा पावलले व्यक्त गर्दछन्। “हामी .....कुष्टि खेल्छौं" भनेर पावलले आफ्नै अनुभवलाई सम्झिन्दै इसाई जीवन सजिलो वा आरामदायी जीवन होइन भनेर स्विकार गर्दछन्। उनले “म" भनेर सम्वोधन नगरेर “हामी" भन्दछन् जसको अर्थ संघर्षमय येशूभक्तको जीवनमा केवल उनी एक छैन तर हामी धेरै छौं भनेर हामी सबैलाई गाँस्न खोजेको पाउँछौं। “ए बाबा, हामी रगत मासु भएको मानिससँग कुष्टि खेल्दैनौं" (रूपान्तरित) भनेर हामी कुनै व्यक्ति विशेषसँग व्यक्तिगत झगडामा फस्ने हाम्रो लक्ष्य होइन भनेर उनले हामी सबैलाई सतर्क गराउँछन्। फेरि यहाँ पावलले सबै येशूभक्त वा इसाईहरूलाई मुछेका छन्। अनि त्यो संघर्ष वा कुष्टिमा सक्षम् हुन परमेश्वरका सबै आत्मिक हतियारहरूले सुसज्जित होऊ भनेर पाठकहरूलाई पावलले अनुरोध गर्दछन्। ती हतियारहरू कुनै विशेष समूहलाई मात्र नभएर येशूका प्रत्येक उपासकहरूलाई उपलव्ध गराइएको छ। “त्यसैकारण" भन्ने शव्द प्रयोग गरेर आत्मिक कुष्टि वा संघर्षमा आत्मिक हतियारहरू भिर्नु अत्यन्त आवश्यक छ भनेर पावलले ठोकुवा गरेको पाउँछौं। अनि इसाईहरूले ती आत्मिक हतियारहरू कसरी भिर्ने भनेर पावलले प्रस्तुत गर्दछन्।

तत्कालिन विश्वका शक्तिशाली राज्य रोमको सिपाहिँले लडाँईमा भिर्ने हतियारसँग तुलना गर्दै पावलले आत्मिक हतियारहरूको वर्णन गर्दछन्।

वढो ध्यान दिएर एफिसी ६:१४-१७मा दिएको विभिन्न शस्त्रअस्त्रहरूको बारेमा पढ्नुहोस्। सैतान वा अन्धकारका बीरहरूसँगको व्यक्तिगत लडाईंमा तयार हुन कस्ता कस्ता हतियारहरू भिर्नु पर्ने रहेछ भन्ने आभास् तपाईंले ती पदहरूबाट पाउनु हुन्छ? त्यस खालको आत्मिक संघर्षमा तपाईं आफै कसरी मुछिनु भएको छ, सो विवेचना गर्नुहोस्।

खास शव्द "कुष्टि" प्रयोग गरेको अर्थ झगडा चर्किने क्रममा एक आफसमा मुक्का मुक्कि गर्नु हो। पछि आएर अरू खालका झगडामा त्यस शव्द प्रयोग गरिएको पाइन्छ। सैतान, भुतात्मा वा उसका बीरहरूसँग मुक्का मुक्कि त नहोला। तर येशूका प्रत्येक भक्तले सैतानसँग गरिने संघर्ष काल्पनिक नभएर यथार्थ हो र त्यस संघर्षसँग मुकाविला गर्दै हाम्रो जीवन थाम्नु पर्दछ भनेर पावलले स्पष्ट रूपमा सम्वोधन गर्दछन्।

येशूले दिनुभएको दस कन्याको अर्तिकथामा पनि दुष्टसँगको मुकाविलामा हामी सबैजना व्यक्तिगत रूपमै समावेश हुन्छौं भनेर देखाउँदछ (मत्ती २५:१-१३)। यहि सन्दर्भमा पावलले औंल्याएका इसाई वा धर्मात्मा भनेर दावी त गर्ने तर त्यो अन्तिम समयका नकावधारी व्यक्ति हो भन्ने भावनालाई (२ तिमोथी ३:१-५) पुष्टि गर्दै एलेन जी ह्वाइट भन्छिन् "त्यस्ता मानिस त्यस समूहका हुन् जसले 'सबै ठिक, शान्ति र सुरक्षितै सुरक्षित छन्' भनेर झुठो आश्वासन दिन्दछन्। आफू खुशी छु र सुरक्षित छु भनेर आफ्ना मनलाई तिनीहरूले वहकाउँछन्। तर अविश्वासी जीवनले कस्ता कस्ता खतराहरूको सामना गर्नुपर्दो रहेछ भन्ने कुरालाई तिनीहरूले कल्पना पनि गर्दैनन्। जब आत्मिक निन्द्रावाट तिनीहरू व्युँझिन्छन्, तब कस्तो कहालिलाग्दो अवस्थामा पो आफूहरू परिरहेका छन् भनेर तिनीहरू महशूस गर्नेछन्। अनि आफूसँग नभएको आत्मिक बल अरूहरूसँग माग्दै हिंड्छन्। तर आत्मिक सेरोफेरोमा कसैले पनि कसैलाई आत्मिक गुणलाई हस्तान्तरण गर्न सक्दैन, अर्थात् एक जनाको आत्मिक अभावलाई अरूले भर्न सक्दैन।" *क्राइष्ट अव्जेक्ट लेसनस्,* पृ. ४११, ४१२बाट रूपान्तरित।

तपाईंको जीवनमा यस्तो केहि छ जो तपाईंले मात्र गर्न सक्नुहुन्छ तर अरूले गर्न सक्दैन? (के तपाईंको निम्ति अरूले खान सक्छ र?) यस कुरालाई मध्य नजरमा राखेर दुष्टसँग गरिने आत्मिक मुकाविलामा केवल तपाईंमात्र लड्न सक्नुहुन्छ भन्दै कसरी तयार हुने?

## २. सत्यको पेटी, धार्मिकताको कवच वा ढाल (एफिसी ६:१४)

**पेटीको ठ्याक्कै अर्थ के हो भन्न त मुश्किल छ। हुनसक्छ पेटलाई बचाउने छालाको पेटी जस्तो भएको एप्रोन होला। शरीरलाई यताउती चल्न त्यसले सजिलो पनि पार्थे र पेटलाई सुरक्षा पनि दिन्थे। पावलले एफिसी ६:१४मा भन्न खोजेको त्यहि हुनसक्छ। यसले गर्दा कम्मरमा लगाउने पटुका वा पेटी सैनिकलाई सुरक्षा गर्ने आधारभूत अस्त्र थियो। अनि पावलले भन्दछन्, त्यो अस्त्र लगाउनु भनेको सत्यलाई कम्मरमा कस्नु हो।**

**सत्यको पटुकाको साथै छातीमा धार्मिकताको सुरक्षा कवच लगाऊ भनेर पावलले भन्दछन्। यहाँ सत्य र धार्मिक जीवनलाई पावलले गाँसेको हामी पाउँछौं।**

देहायका पदहरू पढ्नुहोस्: १ राजा ३:६, भजन १५:२, भजन ९६:१३, हितोपदेश १२:१७, यशैया ४८:१, २ कोरन्थी ६:७, एफिसी ५:९। सत्य र धार्मिकता अर्थात् धार्मिक जीवन बिताउनेको बीचमा गठवन्धन हुनुपर्दछ भनेर ती पदहरूले हामीलाई कसरी सिकाउँदछन्? येशू र सैतानको बीचमा भइरहेको महान् मतभेदको संग्राममा ती सत्य र धार्मिकताले हाम्रो आत्मिक जीवनलाई कसरी सुरक्षा प्रदान गर्दछन्? येशूभक्तको आत्मिक जीवनमा सत्य र धार्मिकता किन नभैनहुने तत्वहरू हुन्?

**आत्मिक संघर्षमा धार्मिकता अर्थात् धर्मी जीवन जीउने आचरणलाई छातीमा लगाउने सुरक्षा कवच भनेर प्रेरित पावलले उल्लेख गर्दछन्। यहाँ पावलले नैतिक आचरणको बारेमा सोचिरहेको हामी पाउँछौं। यसको अर्थ ठिक वा उचित काम गर्नु हो। नैतिकताको भाषणमात्र छाँट्ने होइन, नैतिकतालाई अँगालेर चल्नु पनि हो। अर्को अर्थमा भन्ने हो भने सत्य जीवन जीउनु हो। दुष्टसँगको पलपलको आत्मिक मुकाविलामा धार्मिकता वा सत्य कवच लगाउनु अनिवार्य छ**

जसरी युद्धमा सैनिकले छातीमा सुरक्षा कवच लगाउँछन्। जब हामीले परमेश्वरले दिनुभएको विवेकलाई मिचेर उचित काम गर्दैनौं र सत्यमा निष्ठावान हुँदैनौं तब हामी सजिलैसँग सैतानको तारो बन्छौं। जब हामी सबैसँग मिल्नुपर्छ भनेर सत्यलाई जोखिममा पारेर अरूसँग सम्झौता गर्दै हिड्छौं तब हाम्रो कवचमा प्वालै प्वाल पार्दछौं।

फेरि त्यसै वखत "धार्मिकताको" अर्थ धार्मिक भाषणमात्र छाँट्ने नभएर धार्मिक जीवन जीउनु पनि हो। तर धार्मिकताको अर्को पाता पनि हुन्छ भनेर हामीले कहिलै पनि बिर्सनुहुन्न। त्यो हो, येशूको धार्मिकता। विश्वासीलाई उहाँको धार्मिकताले छोपेको हुन्छ र विश्वासीको आफ्नो होइन उहाँको धार्मिकता मात्र मुक्तिको आशा भएर बसेको हुन्छ। हामीहरूको उद्धार केवल येशूमामात्र छ भन्ने सत्यलाई आत्मसात् गरिराख्नुपर्दछ। जबसम्म यस प्रक्रियामा हामी रहन्छौं तब सम्म सैतानले प्रयोग गर्ने उसको अत्यन्त प्रभावशाली अस्त्रबाट हामी सुरक्षित हुन्छौं। त्यो अस्त्र होः नैराश्यता वा हतोत्साह।

तपाईं निराशाको भूमरीमा परेको बेलामा येशूलाई त्याग्ने मनशायमा कहिलै पर्नुभएको छ? आफ्नो कमजोर चरित्र र क्रियाकलाहरूलाई हेरेर, "आ, म त इसाई हुनसक्दिन, चर्च पनि जान्न" भनेर आत्मिक जीवनबाट कहिलै पछि हट्नुभएको छ? यदि छ भने सैतानले आक्रमण गर्दा प्रयोग गर्ने निराशको अस्त्रबाट सुरक्षित हुन ख्रीष्टको धार्मिकतालाई बुझ्नु किन अत्यन्त जरुरत छ?

## ३. विश्वासको कवच वा ढाल र सैतानको आक्रमणको सामना गर्न तयार भएर बस्नु (एफिसी ६:१५,१६)

विभिन्न खाल्टाखुल्टी भएको जमिनमा सजिलैसँग चल्न सकियोस् भनेर रोमी सिपाहींहरूले त्यसै अनुसार सैनिक पोसाक लगाउँथे। सबै खालका बाटोहरूमा हिंड्न रोमी सिंपाहींहरूले तलुवामा तिखो किला भएका जुत्ताहरू लगायँथे। त्यस्ता जुत्ताहरूको पकड जमिनमा बलियो हुन्थ्यो। शान्तीको सुसमाचार सुनाउन जहाँपनि तयार हुनुपर्छ (एफिसी ६:१५) पावलले रोमी सिपाहींले लगाउने जुत्तासँग त्यस तयारीलाई तुलना गर्दछन्।

यशैया ५२:७, रोमी १०:१५ र एफिसी ६:१५ पढ्नुहोस्। इसाई जीवन लडाइँको जीवन हो। जसरी लडाइँमा सैनिक कर्तव्यनिष्ठ भएर बस्दछन् त्यसरी नै इसाईहरू परमेश्वरमा निष्ठावान र आस्थावान भएर बस्नुपर्छ भनेर पावलले चुनौति दिँदछन्। आत्मिक संघर्ष वा संग्राममा शान्तिको सुसमाचारले येशूभक्तहरूलाई कसरी बलियो गरि थमाइ राख्न सक्दछन्?

**एफिसी ६:१५लाई विभिन्न तरिकाले अनुवाद गर्न सकिन्छः "शान्तिको सुसमाचार प्रचार गर्न खुट्टालाई तयार पार्नु वा तिनीहरूलाई उपयुक्त कुराले ढाक्नु", "शान्तिको सुसमाचार सुनाउन गर्न खुट्टालाई तयार गर्नु" वा "शान्तिको सुसमाचार प्रचार गर्न खुट्टालाई उचित औजारले छोप्नु।" तर त्यस वाक्यको मूल विषयवस्तु "तयार हुनु" हुनसक्दछ। घर बनाउन जगलाई तयार गर्नु जस्तै त्यो "तयार हुनु" शव्दको अर्थ हो। त्यसकारण शान्तिको सुसमाचारले "जगलाई तयार पार्दछ।" जब ख्रीष्टको रगतले परमेश्वरसँग पुनर्मिलन हुँदछ, त्यसको परिणामले येशूभक्तहरूलाई येशू शान्ति प्रदान गर्दछ। जब येशूको शान्ति हामीमा हुन्छ तब जुनेसुकै आत्मिक लडाइँ गर्न वा सैतानको आक्रमणको सामना गर्न हाम्रो मनोबल तयार हुन्छ र युद्धभुमीमा हामी बलियो स्थान ओगट्न पुग्छौं।**

पावलको अनुसार अर्को अस्त्र हामीले भिर्ने अस्त्र हो ढाल वा सुरक्षा कवच। पावलको निम्ति त्यो कवच हो विश्वास वा परमेश्वरमा अगाढ आस्था (एफिसी ६:१६)। विभिन्न आत्मिक अस्त्रहरूको बारेमा चर्चा गर्ने क्रममा सुरक्षा कवच अरू भन्दा महत्त्वपूर्ण छ भनेर पावलले उल्लेख गर्दछ भनेपनि हुन्छ। एफिसी ६:१६को सुरूमा पावलले भन्न खोजेको के हो?

**"ढाल" वा "सुरक्षा कवच" भन्ने शव्द "ढोका"बाट आएको हो। बाइबलको समयमा ढालको नाप चार फुट लम्वाई र दुई फुट आधा चौढाई हुन्थ्यो। त्यसमा काठका दुई तह ताँसेर राखेको हुन्थ्ये। अनि त्यो ढोकाको आकारमा हुन्थे। त्यसबेला वाणहरूलाई अलकत्रामा चोपल्दथे। त्यसलाई आगो सल्काएर सत्रुतिर हानिन्थ्ये। काठको ढाललाई छालाले छोपेको हुन्थ्यो र जब आगो भएका बाण आउँथ्यो र ढालमा लाग्थ्यो त त्यो बाणको चुच्चालाई निकम्मा तुल्याउँथे। त्यसले**

गर्दा सत्रुसँगको मुकाविलामा अरू कुनै आत्मसुरक्षा अस्त्रभन्दा ढाल वा कवचले अत्यन्त प्रमूख भुमिका खेल्दथे।

ढाललाई आत्मिक सुरक्षा अस्त्रसँग तुलना गर्नु त्यत्ति सान्हो छैन। सैतानले अनेक किसिमका अग्नी बाणहरू प्रयोग गर्दछन्। उदाहरणमा ती अग्नी वाणहरू हुन्ः लालसा, शँका, लोभी, घमण्डी वा अहँपना, कामवासना आदि हुन्। "तर परमेश्वरमा विश्वास राख्नु भनेको ती अग्नी बाणहरूको मुकाविला गर्ने ढाल वा कवच हुन्। त्यसले अग्नी वाणालाई निभाइ दिन्छ र भुईंमा निकम्मा गरेर खसाली दिन्छ।" एसडिए बाइबल कमेन्टरी, ठेली ६, पृ. १०४५बाट रूपान्तरित। यस्तो खालको विश्वास वा आस्था क्रियाशील हुन्छ। यस्तो विश्वास हुने व्यक्ति येशूलाई विश्वास गर्छु भनेर हात बाँधेर बस्दैन। यस्तो खालको विश्वास हुने व्यक्ति बाइबलका शिक्षादिक्षालाई आत्मसात् गर्दछन्। तर विश्वासमात्र गरेर निष्क्रिय भएर वस्दैनन्। त्यस्तो विश्वास भएको व्यक्तिलाई सैतानले आक्रमण गरेतापनि त्यससँग सक्रिय रूपमा मुकाविला गरिरहेको हुन्छ। तर याद गर्नुहोस्, हामीहरूकै बाहुबलले हामीले हामीलाई उद्धार गर्न सक्दैनौं। न त सैतानसँग हामी भिँड्न नै सक्दछौं। तर दिनदिनैको लडाईंमा प्रभु येशूको पक्षमा उभिरहनु र उहाँको पथमा हिँड्नु हाम्रो धर्म हो। अनि सैतानले हामीलाई हानेको प्रत्येक वाण वा अस्त्रको मुकाविला गर्न प्रभुले हामीलाई सक्षम् बनाउनुहुन्छ।

## ४. टोप र तरवार (एफिसी ६:१७)

पावलले एफिसी ६:१७मा उल्लेख गरेका मुक्तिको टोप भन्ने धारणा यशैया ५९:१७बाट निकालेका हुन्। तर पावलले त्यस व्याकांशलाई अर्कै तरिकाले प्रयोग गर्दछन्। परमेश्वरले मुक्तिको टोप लगाउनु हुन्छ भनेर यशैया ५९मा उल्लेख गरेको छ। तर इसाईहरूले त्यसलाई प्राप्त गर्न पावलले सल्लाह दिँदछन्। अरू अस्त्रहरूचाहिँ सैनिक आफैले चाहेको अनुसार टिपेर लगाओस् भनेर राखिएको हुन्छ। तर टोपचाहिँ उसलाई लगाउन अरूले दिएको हुन्छ। मुक्ति भनेको उपहार हो भनेर यहाँ पावलले जनाउन खोजेको हुनसक्छ।

टोप भनेको मुक्तिको आशा हो भनेर पावलले १ थेस्सोलोनीकी ५:८मा बताउँदछन्। एफिसी ६:१७मा मुक्तिलाई टोप भनेर चित्रण

गर्दछन्। सैतानसँग भिड्न लगाउनुपर्ने आत्मिक अस्त्र मुक्तिलाई अरू शव्दचित्रहरूसँग पनि तुलना गरेका छन्, के तपाईँलाई थाहा छ?

**नयाँ करारमा मुक्ति भनेको वर्तमान समयमै आभास पाउने प्रक्रिया हुन् जसले अनन्तसम्म सबै खालका दुष्टहरूबाट हामीलाई स्वतन्त्र राख्दछन्। परमेश्वरले ओढ्ने विजयको टोप (यशैया ५९:१७) प्रत्येक येशूभक्तलाई आत्मसुरक्षाको लागि दिएको हुन्छ। इसाईहरूलाई मुक्तिबाट अलग राख्न खोज्नु नै सैतानले गर्ने आक्रमक नितिको चरम लक्ष्य हो। त्यसैकारण आफ्नो काममा भर नपरि परमेश्वरमा नै विश्वास गरेर मुक्ति पाउनुपर्छ भन्ने धारणा बाइबलले सिकाउँदछ। मुक्ति पाउन इसाईहरूको कामसँग सरोकार छैन तर येशूमा मात्र छ भन्ने प्रतिज्ञा बाइबलमा जताततै उल्लेख गरिएको छ। त्यसकारण आत्मिक लडाईँमा बचाइ राख्ने मूल वा प्रभावकारी अस्त्र नै मुक्तिको टोप हुन गएको पाउँछौं। त्यसले गर्दा भजनसँग्रहका लेखकले गाएको यो गीतसँग येशूका विश्वासी पनि सम्मिलित हुनसक्दछः "तपाईँ शक्तिशाली हुनुभएकोले तपाईँले मलाई बचाउनु भयो, हे मेरा प्रभु र राजा। युद्धको दिनमा मलाई सुरक्षा दिइ राख्न तपाईँ मेरो सुरक्षा कवच (र टोप) हुनुभएको छ।" (भजन १४०:७ रूपान्तरित)।**

मुक्तिको टोपको बारेमा चर्चा गरेपछि पावलले अर्को अस्त्र "आत्माको तरवार"लाई उल्लेख गर्दछन्। त्यो दुई धारे तरवार परमेश्वरको वचन (बाइबल) हो। हिब्रू ४:१२मा यसलाई पुष्टि गरेको छ। सैतानसँगको दैनिक युद्धलाई मध्य नजर राखेर ती पदहरूमा हामीलाई के सत्य आत्मज्ञान देखाइदिएको छ?

**सैतानसँग लड्न परमेश्वरको वचन कस्तो प्रभावकारी क्षेप्यास्त्र हुनसक्छ भन्ने ज्वलन्त उदाहरण मत्ती ४:१-१०मा येशूले सामना गर्नुभएको परिक्षाबाट देखाउँदछ। बाइबलमा देखाएका सत्यहरूलाई भिरेर बस्न सक्यो भने इसाईहरू सैतानसँगको आत्मिक लडाईँमा सफलता हासिल गर्न सक्छ भनेर ती पदहरूले ठोकुवा गरेको हामी पाउँछौं।**

त्यसैकारण हाम्रो आस्था बाइबलबाट विचलित पार्न अनगिन्ती शत्रुहरूले दिलोज्यान दिएर प्रयास गरिरहेकाछन्। तपाईँकै देश, समाज, संस्कार र चर्चैमै पनि ती शत्रुहरू को हुन्? अझ महत्त्वपूर्ण कुरो त यो छ, परमेश्वरको वचनमाथि तपाईँको आस्थालाई न्युन पार्न वा हटाउन

प्रयोग गरिने सैतानका अनेकन् शस्त्रअस्त्रबाट तपाईं कसरी सुरक्षित हुन सक्नुहुन्छ?

## ५. प्रार्थनामा तल्लिन हुनु (एफिसी ६:१८)

**"निरन्तर प्रार्थनामा लागिरहनु" भन्ने शव्दहरूद्वारा एफिसी ६:१८ पद सुरू गरेको छ। अहिलेसम्म अध्ययन गरेका पदहरूसँग प्रार्थना पनि गाँसिएको छ भनेर त्यस पदले देखाउँदछ। स्वर्गका आत्मिक अस्त्रलाई उचाल, लगाउ र लेऊ भन्नुको अर्थ हामी परमेश्वरमा कत्तिको भर पर्नुपर्छ भनेर देखाउँदछ। तर "प्रार्थना अर्को आत्मिक अस्त्र नभएर मानिसमा हुनुपर्ने आत्मा वा जोश हो जसरी लडाईंमा सैनिकले पोसाक लगाएपछि जुन जोश र जाँगरले सैनिक अघि वढ्छ त्यहि जोश र जाँगरले हामी पनि अघि वढ्नुपर्दछ। हामीहरूको मनस्थिति हरदम प्रार्थनाको मुद्रामा अर्थात् दिमागले परमेश्वरसँग सम्पर्क राखिरहनुपर्दछ भनेर पावलले हामीलाई उत्साहित बनाउँदछन्।"*एसडिए बाइबल कमेन्टरी,* ठेली ६, पृ. १०४६बाट रूपान्तरित।**

एफिसी ६:१८मा पावलले प्रार्थनामा तल्लिन हुनेकुरालाई यसरी व्यक्त गर्दछन्: "पवित्र आत्मामा सधैं प्रार्थना गर। निवेदन चढाउँदै सबै प्रार्थना उहाँकहाँ ल्याऊ। सबै सन्तहरूको निम्ति लगनशील भएर सतर्कतासाथ प्रार्थना गरिरहने तिमीहरूको उद्देष्य होस्।"(रूपान्तरित)। आत्मिक युद्धमा प्रार्थनाको भूमिका कस्तो हुन्छ भनेर पावलले हामीलाई यहाँ सजग गराएका छन्?

**जे भएपनि प्रार्थना गर्न नछोड भनेर बाइबलले हामीलाई बारम्वार भन्दछ। उदाहरणमा, हेर्नुहोस्: लूका १८:१, रोमी १२:१२, फिलिप्पी ४:६, कलस्सी ४:२ र १ थेस्सोलिनिकी ५:१७। तर दुष्ट शक्तिहरूसँग लडाईं गरिरहनुपरेकोले प्रार्थना दैनिक जीवनको हरेक पक्षमा नभै नहुने मुद्रा वा मनस्थिति हुन् भनेर एफिसी ६मा पावलले औंल्याउँदछन्। इसाईहरूको निम्ति प्रार्थनाको बारेमा यस्तो धारणा वा मनस्थिति त्यत्ति सजिलो त छैन। त्यो किनभने जब हामी समस्याको भूमरीमा पर्छौं तब के गर्ने भनेर सोध्न हामी मित्र र सहकर्मीहरूकहाँ पहिला जान्छौं वा जान रुचाउँछौं। केहि हदसम्म त्यो ठिकै हो। तर हामीहरूको प्रतिरक्षाको**

निम्ति पहिला प्रार्थना नै गर्नुपर्छ। निरन्तररूपमा प्रार्थनाको मानसिकतामा रहिरहनु हरेक येशूभक्तको आचारण हुनुपर्दछ।

"सधैं प्रार्थनामा लागिरहो" र "सतर्क रहिरहो" भनेर एफिसी ६:१८ले उल्लेख गर्दछ। तर के कुरामा सतर्क हुने र किन?

गेटसमनी बँगैचामा मृत्युको वेदना सहिरहनुभएको बेलामा पत्रुस र अरू चेलाहरूलाई "चनाखो होऊ र प्रार्थना गर" भनेर येशूले अऱ्हाउनुभएको थियो (मर्कूस १३:३३-३७)। तर तिनीहरू सुतिरहेका येशूले भेट्टाउनुभएको थियो (मर्कूस १४:३८)। येशूभक्तले सधैं चनाखोसँग प्रार्थना गाँस्नुपर्छ भनेर लुकाले हामीलाई आभास दिन्छन्। किनभने यदि हामी सतर्क भएर प्रार्थना गर्न सक्यौं भने हामीलाई आत्मिक बल मिल्दछ। केवल आफूलाई मात्र नभएर अरूको निम्ति पनि प्रार्थना गर भनेर एफिसी ६:१८मा औंल्याउँछन्। अरूको निम्ति प्रार्थना गर्दा हामी आफैलाई पनि आत्मिक बल मिल्दछ। त्यसमा कसैको पनि दुईमत छैन। अनि हामी पनि आत्मिक संग्राममा अझ राम्रोसँग तयार हुनसक्दछौं। यो आदर्श हामीले अपनाउन सक्यौं भने कसैले पनि हामीलाई पछार्न सक्दैन।

अरूले हाम्रो निम्ति प्रार्थना गर्नु महत्त्वपूर्ण छ। यद्यपि, हाम्रै आत्मिक स्वास्थको निम्ति अरूले भन्दा हामीले नै प्रार्थना गर्नु किन जरुरी छ? व्यक्तिगत रूपमा प्रार्थना गर्दा तपाईंलाई के हुन्छ जुन् अरूले प्रार्थना गर्दा तपाईं पाउनुहुन्न?

**उपसंहारः**

थप जानकारीको निम्ति पढ्नुहोस्ः एलेन जी ह्वाइटद्वारा लिखित, *टेस्टिमोनिज फर द चर्चको,* ठेली ८, ३१२-३१४को लेख "इम्पोर्टान्स अभ सिकिङ्ग टु नोलेज", *टेस्टिमोनिज फर द चर्चको* , ठेली ९, पृष्ठ २१९,२२०को "द कलर लाइन", *माइलाइफ टुडे* पृ. १०५को "ओ गड! हेल्प मी टु हाइयस्ट लेभलस्," र *आक्टस अभ आपोस्टलस,* पृ. ३११-३१५को "कल्ड टु रीच अ हाइयर स्टान्डर्डस्"

"प्रत्येक मानिसको दिमागमा दुई शक्तिहरूले आफ्ना आधिपत्य जमाउन प्रतिस्पर्धा गरिरहेका हुन्छन्। सैतानको अगुवाईमा भएको अविश्वासले परमेश्वरसँगको सम्वन्ध विच्छेद गराउन सक्दछ र उहाँबाट पाउने

शक्तिलाई हामीलाई छिनाल्न सक्दछ। तर येशूमात्र हाम्रो विश्वासको रचनाकार र त्यसलाई निश्क्रिय पार्ने हुनुहुन्छ। पलपलमा जगतको दृष्टि अघि सैतानसँगको युद्ध अघि वढिरहेको छ। यथार्थमा भन्ने हो भने त्यो युद्ध मुक्का मुक्कि नै भइरहेको भनेपनि हुन्छ। अनि यस संसार रहुञ्जेल कुन पक्षले जित्छ भन्ने ठूलो प्रश्न त खडा भइनै रहेको हुन्छ। कसको पक्षमा उभिन चाहन्छ भन्ने आत्मनिर्णयको प्रश्न पनि प्रत्येक व्यक्ति आफैले दिनुपर्दछ। तर त्यस लडाईंमा चाहे पनि नचाहे पनि प्रत्येक व्यक्ति आफूले रोजेको पक्षमा संलघ्न भइ नै रहेको हुन्छ। कोहि पनि त्यस संग्रामबाट अलगिएको हुँदैन।.....तर परमेश्वरले त्यस लडाईंको निम्ति तयार होऊ भनेर आह्वान गर्नुहुन्छ। 'अन्तमा परमेश्वरले तिमीहरूलाई बलवान बनाइ देउन्। उहाँको शक्तिमा भर परमेश्वर । परमेश्वरले उपलव्ध गराउनुभएको सम्पूर्ण हतियार भिर। अनि सैतानका सबै दुष्ट प्रपञ्च वा योजनाहरूको सामु निडर भएर तिमीहरू खडा हुनसक्दछौ।' (एफिसी ६:१० रूपान्तरित)। फेरि चेतावनी यसरी दिइएको छ, "त्यसकारण परमेश्वरका सबै आत्मिक अस्त्रहरू भिर। दुष्ट, खराब दिनहरू आउँदैछन्। तर तिमीहरू जुनसुकै परिस्थितिमा पनि अटल भएर खडा हुन सक्षम् हुनेछौ। अनि तिमीहरूले गर्न सकेको अनुसार दिलोज्यानले सबै थोक जब गर्दछौ, तब तिमीहरू अझ धरोहर भएर उभिरहनेसक्ने हुनेछौ।' (एफिसी ६:१३ रूपान्तरित)।" एलेन जी ह्वाइट, *सनस् एण्ड डटरस् अभ गड,* पृ. ३२८बाट रूपान्तरित।

"परमेश्वरले उपलव्ध गराउनुभएको सबै आत्मिक अस्त्रहरू हामीले भिर्नुपर्दछ। अनि दृढतासाथ उभिएर बस। उहाँका सिपाहींहरू हुन परमेश्वरले हामीलाई चुनेर सम्मान गर्नुभएको छ। उहाँको निम्ति बहादुरीतासाथ लडौं। हामीले जे गर्छौं सबै ठिकैमात्र गरौं। स्वस्थ आत्माको निम्ति सबै कुरामा इमान्दारिता वा पारदर्शिकता अपनाउनु जरुरत छ। जब सबै खालका परिक्षा, लालच वा प्रलोभनमा विजय पाउन तपाईं भरमग्दुर प्रयास गर्नुहुन्छ तब प्रत्येक क्रियाकलापमा पवित्र आत्मा पठाउनुभएर परमेश्वरले तपाईंलाई सहायता गर्नुहुनेछ। त्यसो गर्दा सत्यको खिलाफमा बोल्न सैतानले कुनै कारण देख्दैन। धार्मिक जीवनको छातीपाटा वा कवच लगाउनुहोस्, जुन सबैले लगाउने गरिमामय आत्मिक अस्त्र हो। त्यसले तपाईंको आत्मिक जीवनलाई सुरक्षा दिँदछ।"-एलेन

जी ह्वाइट, *द एसडिए बाइबल कमेन्टरी,* ठेली ६, पृ. १११९बाट रूपान्तरित।

**चिन्तनमनन:**

**अ.** येशू र सैतानको वीचमा भइरहेको महान् मतभेदको संग्राममा प्रत्येक व्यक्ति कसरी व्यक्तिगतरूपमै समावेश भइरहेको हुन्छ भनेर यस अध्यायमा हामीले हेऱ्यौं। तर हामी इसाई भएको कारणले ठूलो समूहको केवल एक भाग मात्रै हौं। समाजमा रहेको मानिसको व्यक्तिगत आत्मिक संघर्षमा इसाई समाजले कसरी सहयोग गर्न सकिन्छ? आत्मिक आवश्यकता भएका मानिसहरूलाई सहायता गर्न कस्ता कस्ता उपयोगी साधनहरू येशूभक्त समाजले प्रयोग गर्न सक्दछन्?

**आ.** येशू र सैतानको बीचमा भइरहेको महान् मतभेदको अन्तरसंघर्षमा पावलले प्रयोग गरेको सैनिकले लगाउने पोसाकको चित्रण कत्तिको व्यवहारिक छ? त्यस लडाईं मनगढन्ते नभएर दैनिक जीवनमा भिडिरहने यथार्थ लडाईं हो भनेर सम्झिरहनु किन जरुरी छ? लडाईंमा लडिरहेको सिपाहींले आफू युद्ध मैदानमा छु भनेर विर्सन्छ भनेर कसैले कल्पना गर्न सकिन्छ र? त्यसकारण त्यहि सेरोफेरोमा हामी पनि आत्मिक संग्रामको युद्धक्षेत्रमा परिरहेकाछौं भनेर किन विर्सनु हुन्न?